
# इलामको सोयाङ तथा जस्विरेमा सुरक्षाकर्मी र माओवादीद्वारा गरिएको मानवअधिकार तथा मानवीय कानुनको उल्लंघन सम्बन्धी स्थलगत अध्ययन प्रतिवेदन




## सारांश

१. इलाम जिल्लाको सोयाङ गाविस ३ मा माओवादी कार्यकर्ता अन्दाजी २२ वर्षीय रुपेन राईको ०६२ वैशाख १९ गते बिहान १०३० बजे सुरक्षाकर्मीद्वारा चलाइएको गोलीबाट मृत्यु भयो। एक गोली प्रहार गरेपछि घाइते भएका रुपेन राईलाई नियन्त्रणमा लिने अवस्था हुँदाहुँदै सुरक्षाकर्मीले पुनः गोली प्रहार गरेपछि उनको मृत्यु भएको स्थलगत अध्ययनबाट प्रष्टिएको छ। घटनास्थलमा माओवादी पक्षबाट कुनै आक्रमण प्रत्याक्रमण नभएको बुझियो। सोही घटनामा सीमा भनिने तारा राईलाई गिरफ्तार गरिएको र नाम नखुलेका सुरेश भनिने माओवादी कार्यकर्ता भागेको पनि अध्ययनक्रममा खुल्न आयो।

२. इलाम जिल्लाको माइपोखरी गाविस १ को जस्विरे गाउँमा ०६२ बैशाख ७ गते साढे सात बजे साँझ ३०-३५ जनाको संख्यामा आएका माओवादीले गाउँका युवाहरूलाई घरबाट बाहिर निकालेर कुटपिट गरी ज्यानमार्ने धम्की दिए। इलाम-माइपोखरी सडक खण्डको इलामबाट १३ किमी उत्तरतर्फ सडकको दुवैतिर रहेका २ सय मिटरभित्र पर्ने १० घरधुरी भएको यस गाउँलाई त्यस दिन माओवादीले दुवैतिर बाटो रोकी कब्जामा लिएका थिए। त्यसपछि माओवादीले सबै युवाहरूलाई घरबाट बाहिर ल्याई कुटपिट गरेका पनि अध्ययनबाट देखिएको छ।

**सन्धि अनुगमन समन्वय समिति**
**सचिवालय : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
२०६२ जेठ १२ गते, **काठमाडौं**

# Fact-finding Report on the Incidents of Shooting by Security Forces and Maoists in Soyang and Jasbire of Ilam District



Synopsis

**1.** Rupen Rai, about 22 years of age was killed by the shots fired by the security forces at 10.30 am on May 2, 2005 in Soyang VDC-3 in Ilam district. It is discovered during the field study that the security forces had shot him second time though they could have taken him under control as he had got injured by the first shot. It is learnt that there was no attack or counter attack in the site. During the field study, it is known that Tara Rai alias Sima was arrested and Suresh, whose real name could not be identified, had escaped.

**2.** A group of 30-35 Maoists arriving at Jasbire village of Maipokhari VDC, Ilam at 7.30 pm on April 20, 2005 forced some youths out of their houses and thrashed them and also issued life threats to them.

At first, the Maoists laid siege on the village, 13 kilometers north of Ilam and spread on 200 m on the both sides of Ilam-Maipokhari road with 10 households. Then they forced the youths out of the houses and beat them. After field study and interaction with the locals, the fact-finding team of Human Rights Treaty Monitoring Committee has concluded that the Maoist cadres had breached human rights and humanitarian law.

**Human Rights Treaty Monitoring Coordination Committee (HRTMCC)**
**Secretariat INSEC, 26 May 2005**

# इलाम जिल्लाको सोयाङ गाविस-३ सोयाङ गाउँमा सुरक्षाकर्मीद्वारा गरिएको गोली प्रहारबाट रूपेन राईको मृत्यु भएको घटना सम्बन्धी स्थलगत प्रतिवेदन


**सारांश**

इलाम जिल्लाको सोयाङ गाविस ३ मा माओवादी कार्यकर्ता अन्दाजी २२ वर्षीय रुपेन राईको ०६२ वैशाख १९ गते बिहान १०.३० बजे सुरक्षाकर्मीद्वारा चलाइएको गोलीबाट मृत्यु भयो । एक गोली प्रहार गरेपछि घाइते भएका रुपेन राईको नियन्त्रणमा लिने अवस्था हुँदाहुँदै सुरक्षाकर्मीले पुन गोली प्रहार गरेपछि मृत्यु भएको स्थलगत अध्ययनबाट प्रष्टिएको छ । घटनास्थलमा माओवादी पक्षबाट कुनै आक्रमण प्रत्याक्रमण नभएको बुझियो । सोही घटनामा सीमा भनिने तारा राईलाई गिरफ्तार गरिएको र नाम नखुलेका सुरेश भनिने माओवादी कार्यकर्ता भागेको पनि अध्ययनक्रममा खुल्न आयो ।



**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति**
**सचिवालय : अनौपचारिक क्षेत्र सेवा केन्द्र** (**इन्सेक**)

०६२ जेठ २ गते, काठमाडौं

**पृष्ठभूमि**

इलाम जिल्लाको सोयाङ गाविस वडा नं. ३ सोयाङ गाउँमा सुरक्षाकर्मीको एक समूहले फिक्कल गाविस- ६ आरुबोटेका माओवादी कार्यकर्ता १९ वर्षीय रुपेन राईलाई ०६२ वैशाख १९ गते गोली हानी हत्या गरेकोमा मानवअधिकार मञ्च, इलामले मानवअधिकार सन्धि अनुगमन समन्वय समिति (HRTMCC) को टोलीलाई इलाममा जानकारी दिई घटनाको स्थलगत अध्यन गर्न अनुरोध गऱ्यो । सदरमुकाम इलाममा टोलीले स्थानीय मानवअधिकारकर्मी, पत्रकार, कानुन व्यवसायीलगायत् नागरिक समाजका अन्य प्रतिनिधिहरूसँग घटनाका सम्बन्धमा जानकारी लियो । इन्सेक, सिविन, सिभिक्ट, जनउत्थान प्रतिष्ठानका काठमाडौंबाट गएका प्रतिनिधिकासाथ इलामस्थित इन्सेक वर्ष पुस्तक जिल्ला प्रतिनिधि, मानवअधिकार मञ्च, नेपाल पत्रकार महासंघ इलामका प्रतिनिधि र आँखा साप्ताहिकका कार्यकारी सम्पादक सम्मिलित १० सदस्यीय तथ्य संकलन टोली ०६२ बैशाख २१ गते दिउँसो १ बजे घटनास्थलतर्फ प्रस्थान गरेको थियो ।

**तथ्य संकलन टोलीको उद्देश्य**


१. घटनाका सम्बन्धमा प्राप्त जानकारीहरूको संकलन गर्ने,
२. घटनाको यथार्थ विवरण तयार गर्ने,
३. घटनाको सत्य-तथ्य सहितको प्रतिवेदन तयार गर्ने ।

**अध्ययन पद्धति**

१. घटनास्थलको अवलोकन,
२. घटनास्थल वरपरका व्यक्ति तथा प्रत्यक्षदर्शीसँग भेटघाट र कुराकानी,
३. स्थानीय नागरिक समाज, सुरक्षा निकाय, स्थानीय प्रशासन, मानवअधिकारकर्मी तथा सम्बन्धित निकाय एवं व्यक्तिसँग घटनाका सम्बन्धमा कुराकानी
४. घटना सम्बन्धमा प्राप्य प्रकाशित सामग्रीको अध्ययन ।

**अध्ययन टोलीका सहभागीहरु**

| | | |
|---|---|---|
| १. गणेश भण्डारी | – | इन्सेक केन्द्रीय कार्यालय, काठमाडौं |
| २. सुदर्शन अर्याल | – | सिविन केन्द्रीय कार्यालय, काठमाडौं |
| ३. निलकण्ठ भट्टराई | – | सिभिक्ट, काठमाडौ |
| ४. बालकृष्ण अछामी | – | जनउत्थान प्रतिष्ठान, काठमाडौं |
| ५. लिलबहादुर खड्का | – | आरआरएन, इलाम |
| ६. प्रकाश अधिकारी | – | इन्सेक, वर्ष पुस्तक प्रतिनिधि, इलाम |
| ७. वीरवहादुर खड्का | – | मानवअधिकार मञ्च, इलाम |
| ८. शिखरनाथ सापकोटा | – | मानवअधिकार मञ्च, इलाम |
| ९. सटेन्द्र जवेगु | – | सचिव, नेपाल पत्रकार महासंघ, इलाम |
| १०. रोशन साँवा | – | कार्यकारी सम्पादक, आँखा साप्ताहिक, इलाम |



सुरक्षाकर्मीले गोली हानी हत्या गरेको घटनास्थल र माओवादीले पुनः खाल्टो खनेर लाश पुरी
झण्डा गाडेको ठाउँ

घटनास्थलमा मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको तथ्य संकलन टोली पुगेको मिति- ०६२ वैशाख २१ गते

**घटना मिति-** ०६२ वैशाख १९ गते

**घटना भएको समय-**

बिहान १०:३० बजे
गिरफ्तार : बिहान १०.३० बजे

**घटनास्थल** - सोयाङ गाविस वडा नं. ३ सोयाङ

**घटनाका पीडक-** इलामस्थित संयुक्त सुरक्षा बलबाट आएका लगभग ४०० जना सुरक्षाकर्मी

**घटनाका पीडित-**

| **क्र.सं.** | **नाम** | **उमेर** | **जिल्ला** | **ठेगाना** | **घटना स्थल** | **हालको अवस्था** |
|---|---|---|---|---|---|---|
| १ | रुपेन राई | १९ वर्ष | इलाम | फिक्कल गाविस | सोयाङ गाविस ३ | मृत्यु |
| २ | तारा राई | १७ वर्ष | इलाम | आइतबारे गाविस १ | सोयाङ गाविस ३ | जेल चलान |

**१. घटना विवरण**

इलाम जिल्लाको सोयाङ गाविस ३ मा अन्दाजी २२ वर्षीय रुपेन राईको ०६२ वैशाख १९ गते बिहान १०.३० बजे सुरक्षाकर्मीले गोली हानी हत्या गरे । सोही घटनामा माओवादी कार्यकर्ता सीमा भनिने १७ वर्षीय तारा राईलाई सुरक्षाकर्मीले गिरफ्तार गरे भने अर्का एक जना माओवादी कार्यकर्ता भागे ।

सोयाड गाविस ३ स्थित राजकुमारी चापागाईको खाजा पसलमा माओवादी कार्यकर्ताहरु रुपेन राई, आईतबारे गाविस १ का सीमा भनिने तारा राई र ठेगाना नखुलेका सुरेश भनिने तीन जना ०६२ बैशाख १९ गते बिहान खाजा खाँदै थिए । सीमा खाजा खाइसकेर आँगनमा थाल धुन बाहिर निस्कदाँ लगभग २० फिट पर सेनालाई देखेर चर्को स्वरमा सेना भनेर कराइन् । घरपसल भित्र रहेका सुरेश भन्नेले भाग सीमा , भाग रुपेन भने । दुवै हात उठाएर उभिएपछि सेनाले सीमालाई गिरफ्तार गरे । भागेका रुपेन र सुरेशलाई एकसय मिटर परसम्म लखेटे । सो क्रममा २०० गोली चलेको थियो । पहिलो गोली लागेर रुपेन १० मिटर पर लडे । मृत अवस्थामा हेर्दा रुपेनलाई चार गोली लागेको स्थानीय प्रत्यक्षदर्शीले जानकारी गराए । लाश रहेको ठाउँभन्दा निकै वरदेखि रगत चुहेको टाटा देखिएको थियो । स्थानीय याडध्वज र लिलाप्रसादको घर नजिकैको बारीमा लास थियो । लाशबाट मुटु कलेजो बाहिर निस्केको अवस्थामा रहेको थियो । याडध्वजकी पत्नीलाई सेनाले लास चिन्नुहुन्छ भनी सोधेका थिए । माटो खोस्रेर लाशको टाउकोमात्र पुरेर सेनाहरु फर्किए । बैशाख २१ गते बिहान माओवादी आई २ फिट जाति खाल्डो खनी लाश गाडेर गए ।



*माओवादीले पुनः खाडल खनी लाश पुरेर झण्डा ओढाएको स्थान*

**घटनास्थलको अवलोकन**
स्थलगतअध्ययन टोली ०६२ वैशाख २१ गते दिउँसो ४ बजे घटनास्थल पुग्दा लाश पुरिएको र त्यसमाथि करिब २० फिटको बाँसको लिङ्गो गाडी लिङ्गोको टुप्पामा हसिया हतौडा अंकित झण्डा राखिएको, लाश गाडेको ठाउँ नजिकै रगतको टाटा देखिएको, वरैदेखि रगतको थोपा देखिएको नपड्केको गोलीसमेत लास नजिक रहेको अवस्था थियो । लाश पुरिएको स्थान नजिकै सानो खोविल्टोमा मृत शरीरका भित्री अंग बाहिर निस्किएर रहेको स्थान भएको स्थानीय बासिन्दाले बताए । याङध्वज र लिलाप्रसादको घरबाट करिब १०० मिटर पर उत्तर तर्फ घटना भएको पाइयो । सो ठाउँबाट करिब १ किलो मिटर पर आफूलाई माओवादी कार्यकर्ता बताउने १८-१९ वर्षीय मुकेश र संघर्षसँग भेट हुँदा उनीहरुले घटनाको बारेमा केही बताउन चाहेनन् ।

**घटनापछि थप सुरक्षाफौजको उपस्थिति र व्यवहार**
रुपेन राईको हत्या गरिसकेपछि स्थानीय बासिन्दालाई पहिचानका लागि सुरक्षाकर्मीले बोलाए । लाश चिन्ने कोही पनि नभएको र सुरक्षाकर्मीले नै सामान्य खाल्टो खनी लाश पुरेका थिए । घटनाका सम्बन्धमा गाउँलेलाई कुनै प्रकारको धम्की दिइएको थिएन । केही घर र व्यक्तिहरुको खानतलास गरी सामान्य सोधपुछ गरेको पाइयो ।

**प्रशासकहरुको भनाई**
**कुमार बुढाथोकी, बाहिनीपति, २१ नं. बाहिनी**
सोयाङको घटना सम्बन्धमा १९ गते तीन जनालाई भेटेकोमा पक्रन खोज्दा सीमा भन्ने केटीलाई पक्रेर ल्याई जेल चलान भइसकेको, अन्य एक जना भागेको र एकजनाको गोली लागी मृत्यु भएको थियो ।
तिनीहरुसँग हतियार पनि रहेछ । भाग्ने क्रममा मात्र गोली चलाएको हो । नभागी बस्ने एक महिलालाई गिरफ्तार गरेर ल्याएका थियौं । सामान्य सोधपुछपछि भोलिपल्ट नै कारागारमा पठायौं । कसैलाई पनि बेपत्ता पार्ने, मार्ने हाम्रो नीति नै छैन । पहिले केही घटना भए होलान् । हामीलाई व्यारेकबाट निस्कन बाध्य पारियो । अहिले काम गर्दै जाँदा सिक्दै गइयो । केही कमीकमजोरी पहिले देखिएका भए पनि अब त्यस्तो छैन । एक जना व्यक्ति हतियारसहित भए पनि हामीलाई क्षति पुऱ्याउन सक्दैन, त्यसलाई किन मार्ने ? नियन्त्रणमा लिएर निशस्त्र पार्ने र सुरक्षित राख्ने हो । कहाँ कहीँ त्यस्तो गारो अप्ठ्यारो हाम्रो निकायले गरेको भए भन्नु होस्, हामी सुधार गर्दछौं ।

**प्रेमप्रसाद शर्मा सापकोटा, प्रमुख जिल्ला अधिकारी, इलाम**

१९ गते सोयाङको घटना सम्बन्धमा तीन जनालाई शाही नेपाली सेनाले भेटेकोमा पक्रन खोज्दा सीमा भन्ने केटीलाई पक्रेर ल्याई जेल चलान भैसकेको अन्य एक जना भागेको र एकजनाको गोली लागी मृत्यु भएको हो ।

**केदार रिजाल, प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, इलाम**

सोयाङ घटना ०६२ वैशाख १९ गते भएको हो । उक्त घटनामा सुरक्षाकर्मीले सर्वसाधारणलाई दुःख दिएको छैन । भागेका कारण एक जना फिक्कल ६ आरुबोटेका रुपेन राई भन्नेको मृत्यु भयो भने सो स्थानबाट एक जना भाग्यो र एक महिला कार्यकर्ता सीमा उपनामकी पञ्चकन्या गाविसकी नभागेको कारण सुरक्षाकर्मीले गिरफ्तार गरी भोलिपल्ट (२० गते) नै कारागार पठाइयो । नभाग्नेलाई मार्नु हुँदैन भन्नेकुरा हाल सुरक्षाकर्मीले राम्ररी बुझ्केका छन् । इलामका स्थानीय मानवअधिकारकर्मीहरुसँग प्रशासन र सुरक्षा निकायसँग राम्रो सहयोग र समन्वय रहेको छ ।



*स्थानीय बासिन्दासँग कुरा गर्दै मानवअधिकार स्थलगत अध्ययन टोलीका सदस्यहरु*

**स्थानीय व्यक्तिहरुको भनाइ**

मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको तथ्य संकलन टोलीले ०६२ वैशाख २१ गते इलाम जिल्लाको निम्न बमोजिमका व्यक्तित्वहरुसँग भेटघाट गऱ्यो :

**शेखर सापकोटा, मानवअधिकारकर्मी**

माओवादीको गतिविधि र चलखेल पनि यस गाउँमा खासै भएको अवस्था थिएन । माओवादी कार्यकर्ता नै भएको भए पनि गोली हानी हत्या गर्नु दुःखद घटना भयो । हतियार नभएको (निशस्त्र) व्यक्तिलाई सुरक्षाकर्मीले गोली चलाएर हत्या गर्नुको सट्टा नियन्त्रणमा लिएको भए राम्रो हुने थियो । भाग्ने अवस्थामा पनि घुँडामुनी गोली हान्नु पर्नेमा छातीमा गोली हानेको पाइयो ।

म वैशाख १९ गते ९.३० बजेतिर घरबाट १० मिनेट परको स्थानीय पसलमा केही सरसामान किन्न गएको थिएँ । सामान किनेर घर फर्कने क्रममा एक्कासी गोली चलेको आवाज आयो । चारैतिर सुरक्षाकर्मी हतियार ताकेर बसेका थिए । एक किलोमिटर क्षेत्रभन्दा भढी सुरक्षाकर्मीले घेरेको देखेको हो । गोली मलाई पनि लाग्ला गरी चलेको थियो । मैले दोकानबाट सामान ल्याएकाले सुरक्षाकर्मीले केही गरेन । तर ज्यान ज्याला भन्ने डरले बिस्तारै घर गएँ ।

एक जनाको सुरक्षाकर्मीको गोली लागी मृत्यु भएको र एक जनालाई सुरक्षाकर्मीले गिरफ्तार गरेको बेलुका तिर थाहा भयो । भोलिपल्ट बिहान गिरफ्तार गरेकी युवतीलाई सुरक्षाकर्मीले लिएर इलाम फर्केका थाहा भयो ।

**दीपेन्द्रकुमार पैकरा, स्वास्थ्यकर्मी**

म एक स्वास्थ्य सहायक भएको र सिमा यसभन्दा अघि पनि यस ठाउँमा आउने गरेको र निज मुटुको रोगी भएकोले पटक पटक मसँग औषधी किनेर खाने गरेको हो । र निज मुटुको रोगी हो । डाक्टरले दिएको प्रमाण पत्र उनीसँग रहेको थियो । मैल समेत उनलाई ईन्जेक्सन दिएको थिएँ ।

**सुधा पैकरा**

०६२ वैशाख १९ गते राजकुमारी चापागाईको चिया खाजा पसलमा माओवादी कार्यकर्ताहरु सिभिल ड्रेसमा रहेका रुपेन राई (खुम्बु), आईतबारे घर भएकी वर्ष १९ की तारा राई (सीमा) र सुरेशले चाउचाउ खाँदै थिए । सीमा चाउचाउ खाईवरी काहिर आँगनमा रहेको धारामा भाँडा धुन लाग्दा करिब २० फिटको दुरीमा सेनालाई देख्ने वित्तिकै चर्को स्वरमा सेना भनेकी र भित्र रहेका सुरेशले भाग सिमा, भाग रुपेन भने । रुपेन र सुरेश दौडे । सीमा हात उठाई उभिएकीले सेनाले पक्रेको २ जना भाग्दै थिए । सुरेश भन्ने भागेछन् र खुम्बु भन्नेलाई तल पुगेपछि गोली लागेर मृत्यु भएछ ।

**राजकुमारी चापागाई**

०६२ वैशाख १९ गते दिउँसो मेरो पसलमा माओवादी कार्यकर्ताहरु सिभिल ड्रेसमा रहेका रुपेन राई (खुम्बु), आईतबारे घर भएकी वर्ष १९ की तारा राई (सीमा) र सुरेश चाउचाउ खादै थिए । रुपेन राई र सुरेश भित्रै रहेका थिए । सीमा चाउचाउ खाईवरी बाहिर आँगनमा रहेको धारामा भाँडा धुन लाग्दा करिब २० फिटको दुरीमा सेनालाई देख्ने बित्तिकै सेना भनी चर्को स्वरमा कराइन् र भित्र रहेका सुरेशले भाग सीमा, भाग रुपेन भनेपछि रुपेन र सुरेश दौडे । सीमा हात उठाई उभिएकीले सेनाले पक्रे २ जना भाग्दै थिए । सुरेश भन्ने भागेछन् र खुम्बु भन्नेलाई तल पुगेर गोली लागेपछि मृत्यु भएछ ।

**टेकराज गौतम, सोयाङ गाविस ३, स्थानीय बासिन्दा**

मानवअधिकारको हनन् भइरहेको छ । बलियो बाङ्गोले निर्धोलाई सताएको छ । नियम कानुनको मान्यता छैन । आफूले कमाइरहेको, काम गरिरहेको खेत, बारी अर्कालाई दिइएको छ । केही बोल्ने अवस्था छैन । मानवअधिकारमा कसैले कसैलाई कुटेको छ भने कुट्नु हुन्न भन्नु पर्‍यो तर त्यसो भन्न पाइने अवस्था छैन । सबै आँफै ठूला छन्, मइमत्ता छन् । एउटाले गोली हानी हत्या गर्छ, अर्को आउँदा गाउँ छोडेर भाग्नु पर्छ । गाउँ नै आतंकित छ । कति कुरा गर्नु, कसले हेर्छ हाम्रो अधिकारको बारेमा ? तपाईहरुले लेखेर, हेरेर के हुन्छ, केही हुँदैन, आउनु हुन्छ, जानु हुन्छ, हामी जस्ताको तस्तै ।

**पदम सुब्बा, सोयाङ गाविस ४, स्थानीय बासिन्दा**

हान् हान् ठोक् ठोक केके हो धेरै हल्ला भयो । पहिले त गाउँमा ढेडु आएछ, त्यसलाई मार्न होहल्ला गरेका होला भन्ने लागेको थियो । सुरुमा बन्दुकको आवाज सुन्दा कहाँबाट बुन्दुक पाएर ढेडुलाई हान्न लागे भन्ने लाग्यो । केटाकेटीलाई घरभित्र राखियो । तर सट्गन (गाऊँ घरमा चलाउने बन्दुक)को आवाज भन्दा गोली चलेको फरक आवाज आएपछि भित्र पसियो । गोली कति चले कति । एक छिनपछि आर्मीहरु हतियार ताक्दै हिडेको देखियो । उनीहरु भोलिपल्ट यहाँबाट गए । एक जनालाई मारेर पुरेको र एक जना केटीलाई पक्रेरसँगै लगे रे, मैले चाहिँ देखिन ।

**गीता गौतम, स्थानीय महिला, सोयाङ  गाविस ३**

धन्न त्यस दिन छोराछोरी स्कुल पठाइएन । स्कुल नजिकै गोली चलेको आवाज यहाँसम्म सुनियो । हेर्न जाने कुरा भएन । गाउँमा भएको यस घटनाले छोराछोरी स्कुल पठाउँदा पनि फर्केर आउँछन् आउँदैनन् डर लाग्छ । त्यहाँ ठूलो कक्षाको पठाई हुँदैन । आज (वैशाख २१ गते) किहान गाउँमा हाहाकार मच्चिएछ । सबै गाउँ छोडेर भागे रे भन्छन् । खै किन हो के जान्नु ? फेरी उनीहरु (माओवादी भन्न पनि डराउँदै) आए पछि के हुन्छ, के गर्छन् भन्ने डरले होला । अब फेरी यस्तो घटना नभई दिए हुन्थ्यो । काम गरेर खाइरहिएको थियो । खै अब के हुने हो ?

**रमिला गौतम, विद्यार्थी, सोयाङ गाविस ३**

खै हाम्रो गाऊँमा यस्तो केही भएको थिएन । अब के हुने हो ? हामी त खेतिपाति, घाँस दाउरा गोठालो गरेर खानु पर्ने मान्छे । मान्छे त मार्न नहुने हो । किन मारे थाहा भएन । गोलीको आवाजसँगै गाउँ नै डराएको छ ।

**घटना अध्ययनका क्रममा देखिएका कठिनाइहरु**

१) भौगोलिक विकटता

२) सरकार र माओवादी दुवैको डर त्रासका कारण स्थानीय बासिन्दाहरु घटना सम्बन्धमा बोल्न नचाहेको अवस्था

**निष्कर्ष तथा सुझाव**

विना हातहतियार तथा सुरक्षाकर्मीलाई हानी नोक्सानी पुग्ने कार्य नगरेको अवस्थामा सकुशल नियन्त्रणमा लिने प्रयास नगरिकन गोली हानिएको बुझियो । एक गोली लागी लडेको व्यक्तिलाई पुनः गोली हानिएकोले सुरक्षाकर्मीले नियन्त्रणमा लिने प्रयास नगरेको देखिन्छ । पीडित पक्षबाट आक्रमण गरेको पनि रहेनछन् ।

उल्लेखित घटनामा नेपाल अधिराज्यको संविधान तथा अन्तर्राष्ट्रिय मानवअधिकार एवं मानवीय कानुनका निम्नबमोजिमका प्रावधानहरुको उल्लंघन भएको देखिन्छ ।

१) यस घटनामा राज्यद्वारा “प्रत्येक व्यक्तिलाई जीवनको अन्तरनिहीत अधिकार छ । कानुनद्वारा यो अधिकारको संरक्षण गरिनेछ । स्वेच्छाचारीरुपले कसैको पनि जीवन हरण गरिने छैन” भन्ने नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा–६ को ठाडो उल्लंघन गरिएको छ ।

२) यस घटनामा राज्यले लडाइँमा संलग्न नरहेका निःशस्त्र गैरसैनिक व्यक्तिहरुलाई हानी पुऱ्याउन नहुने वा त्यस्ता व्यक्तिहरुको संरक्षण गर्नुपर्ने जेनेभा महासन्धिको साझा धारा ३ ले गरेको प्रत्याभूतिलाई लत्याएको छ ।

# इलाम जिल्लाको माइपोखरी गाविस-१ जस्विरेमा माओवादीद्वारा गरिएको कुटपिट र ज्यादतीको घटनाका सम्बन्धमा स्थलगत प्रतिवेदन


**सारांश**

इलाम जिल्लाको माइपोखरी गाविस १ को जस्विरे गाउँमा ०६२ वैशाख ७ गते साढे सात बजे साँझ ३०-३५ जनाको संख्यामा आएका माओवादीले गाउँका युवाहरुलाई घरबाट बाहिर निकाली कुटपिट गरी ज्यानमार्ने धम्की दिए । इलाम माइपोखरी सडकको इलामबाट १३ किमी उत्तरतर्फ सडकको दुवैतिर रहेका २ सय मिटरभित्र पर्ने १० घरधुरी भएको यस गाउँलाई त्यस दिन माओवादीले दुवैतिर बाटो रोकी कब्जामा लिएका थिए । त्यसपछि माओवादीले सबै युवाहरुलाई घरबाट बाहिर ल्याई कुटपिट गरेका थिए ।

मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको तथ्य-संकलन टोली स्थलगत अध्ययन तथा विभिन्न स्थानीय व्यक्तिहरुसँगको कुराकानिका आधारमा उल्लेखित घटनामा नेकपा (माओवादी)का कार्यकर्ताबाट मानवीय कानुनको ठाडो उल्लंघन भएको निष्कर्षमा पुगेको छ ।



**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति**
**सचिवालय : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

०६२ जेठ २ गते, काठमाडौं

**पृष्ठभूमि**

इलाम जिल्लाको माइपोखरी गाविस १ को जस्विरे गाऊँमा ०६२ वैशाख ७ गते ७.३० बजे साँझ ३०-३५ जनाको संख्यामा आएका माओवादीले दुवै तिर रहेका २ सय मिटरभित्र पर्ने १० घरधुरी भएको यस गाउँको दुवैतिर बोटो रोकी गाउँलाई नै कब्जा गरी माओवादीले सबै घरबाट युवाहरु  बाहिर ल्याई कुटपिट गरे । सो घटनापछि त्यहाँका प्राय सबै युवाहरु विस्थापित भइ इलाम आएर बस्न बाध्य भए भनी मानवअधिकार मञ्च इलामले मानवअधिकार सन्धि अनुगमन समन्वय समिति (HRTMCC) को सचिवालय अनौपचारकि क्षेत्र सेवा केन्द्र (इन्सेक) काठमाडौंलाई जानकारी दिइ घटनाको स्थलगत अध्यन गर्न अनुरोध गरे । सदरमुकाम इलाममा अध्ययन टोलीले स्थानीय मानवअधिकारकर्मी, पत्रकार, कानुन व्यवसायीलगायत् नागरिक समाजका अन्य प्रतिनिधिहरूसँग जस्विरेमा भएको घटनाका सम्बन्धमा जानकारी लियो । इन्सेक, सिविन, सिभिक्ट, जनउत्थान प्रतिष्ठानका काठमाडौंबाट गएका प्रतिनिधिकासाथ इलामस्थित इन्सेक वर्ष पुस्तक जिल्ला प्रतिनिधि, मानवअधिकार मञ्च, नेपाल पत्रकार महासंघ इलामका प्रतिनिधि र आँखा साप्ताहिकका कार्यकारी सम्पादक सम्मिलित १० सदस्यीय तथ्य संकलन टोली ०६२ बैशाख २१ गते दिउँसो १ बजे घटनास्थलतर्फ प्रस्थान गरेको थियो ।

**घटनासम्बन्धी तथ्य संकलन टोलीको उद्देश्य**

१. घटनाको सत्य-तथ्य पत्ता लगाउने,
२. पीडितहरुलाई पुनः आफ्नै गाउँमा स्थापित हुन सहयोग गर्ने ।
२. घटनाको सत्य-तथ्यसहितको प्रतिवेदन तयार गर्ने ।

**अध्ययन पद्धति**

१. घटनास्थलको अवलोकन,
२. घटनास्थल वरपरका व्यक्ति तथा प्रत्यक्षदर्शीसँग भेटघाट गरी घटनाको विवरण संकलन,
३. स्थानीय नागरिक समाज, सुरक्षा निकाय, स्थानीय प्रशासन, मानवअधिकारकर्मी तथा सम्बन्धित निकाय एवं व्यक्तिसँग घटनाका सम्बन्धमा जानकारी संकलन ।

**अध्ययन टोलीका सहभागीहरु**

| | | |
|---|---|---|
| १. गणेश भण्डारी | – | इन्सेक केन्द्रीय कार्यालय, काठमाडौं |
| २. सुदर्शन अर्याल | – | सिविन केन्द्रीय कार्यालय, काठमाडौं |
| ३. निलकण्ठ भट्टराई | – | सिभिक्ट, काठमाडौ |
| ४. बालकृष्ण अछामी | – | जनउत्थान प्रतिष्ठान, काठमाडौं |
| ५. लिलबहादुर खड्का | – | आरआरएन, इलाम |
| ६. प्रकाश अधिकारी | – | इन्सेक, वर्ष पुस्तक प्रतिनिधि, इलाम |
| ७. वीरबहादुर खड्का | – | मानवअधिकार मञ्च, इलाम |
| ८. शिखरनाथ सापकोटा | – | मानवअधिकार मञ्च, इलाम |
| ९. सटेन्द्र जवेगू | – | सचिव, नेपाल पत्रकार महासंघ, इलाम |
| १०. रोशन साँवा | – | कार्यकारी सम्पादक, आँखा साप्ताहिक, इलाम |

**तथ्य संकलन गरिएको मिति** : ०६२ वैशाख २० गते देखि २३ गतेसम्म

**घटना मिति** : ०६२ वैशाख ७ गते बुधबार, साँझ ७.३० बजे

**घटना स्थान** : माइपोखरी गाविस-१ जस्विरे (इलाम माइपोखरी सडकको इलामबाट १३ किमी उत्तर)

**घटनाका पीडक** : माओवादी (३०-३५ जनाको संख्यामा आएका माओवादी कार्यकर्ता)

**घटनाका पीडितः**

| क्र.स. | नाम थर | उमेर | ठेगाना | हालको अवस्था |
|---|---|---|---|---|
| १ | कमल मुखिया | ४९ | माइपोखरी गाविस-१, जस्विरे | विस्थापित |
| २ | विष्णु सुब्बा | २६ | माइपोखरी गाविस-१, जस्विरे | विस्थापित |
| ३ | सरोज सुब्बा | २५ | माइपोखरी गाविस-१, जस्विरे | सामान्य |
| ४ | अमृत सुब्बा | १४ | माइपोखरी गाविस-१, जस्विरे | विस्थापित |
| ५ | सन्तोष मुखिया | २३ | माइपोखरी गाविस-१, जस्विरे | सामान्य |
| ६ | मिलन मुखिया | २५ | माइपोखरी गाविस-१, जस्विरे | सामान्य |
| ७ | धनजित मुखिया | १७ | माइपोखरी गाविस-१, जस्विरे | सामान्य |
| ८ | फुर्तेनजी शेर्पा | २० | माइपोखरी गाविस-१, जस्विरे | विस्थापित |
| ९ | तिलविक्रम सुब्बा | २६ | माइपोखरी गाविस-१, जस्विरे | सामान्य |
| १० | रतन मुखिया | १७ | माइपोखरी गाविस-१, जस्विरे | सामान्य |
| ११ | संजिब मुखिया | २६ | माइपोखरी गाविस-१, जस्विरे | विस्थापित |
| १२ | निविकल्प सुब्बा | २० | माइपोखरी गाविस-१, जस्विरे | विस्थापित |
| १३ | सरद सुब्बा | २३ | माइपोखरी गाविस-१, जस्विरे | सामान्य |
| १४ | अर्जुन घिमिरे | १७ | सुम्बेक गाविस-२, | सामान्य |
| १५ | अमृत केरुङ्ग | ३० | मंगलबारे, (चिया विस्तार परियोजनाका कर्मचारी नाइके) | सामान्य |
| १६ | युवराज सुब्बा | ६२ | माइपोखरी गाविस-१ | सामान्य |

**घटना विवरण**

इलाम जिल्लाको माइपोखरी गाविस १ स्थित जस्विरे गाउँमा ०६२ वैशाख ७ गते माओवादी कार्यकर्ताको एक समूहले आफूहरुविरुद्ध प्रतिकार गरेको आरोपमा साँझ ७:३० देखि १० बजे रातिसम्म निर्घात कुटपिट गरे । पीडितहरुलाई उपचार नगराउन र घटनाको जानकारी गराएमा हत्या गर्ने धम्की माओवादीले दिएका कारण गाउँलेहरुले घटनालाई सार्वजनिक गरेनन् । कुटपिटका कारण घाइते भएका १६ जनामध्ये ५ जना माईपोखरी गाविस- १ निवासी ४९ वर्षीय कमल मुखिया, २६ वर्षीय विष्णु सुब्बा, २५ वर्षीय सरोज सुब्बा, २३ वर्षीय सरद सुब्बा र सुम्बेक गाविस- २ का १७ वर्षीय अर्जुन घिमिरेलाई मानवअधिकार मञ्च, इलामबाट घटनास्थल अध्ययनका क्रममा वैशाख १० गते गएको टोलीले उद्धार गरी इलाम अस्पतालमा उपचारकालागि भर्ना गराएको रहेछ । अन्य पीडितहरु ६२ वर्षीय युवराज सुब्बा, २३ वर्षीय सन्तोष मुखिया, २५ बर्षीय मिलन मुखिया, १७ वर्षीय रतन मुखिया, २६ वर्षीय तिलविक्रम सुब्बा र माईपोखरीस्थित चियाविस्तार परियोजनाका कर्मचारी ३० वर्षीय अमृता केरुङ्ग डरका कारण गाउँमै बसेका छन् । अन्य १४ वर्षीय अमृत सुब्बा, २० वर्षीय फुर्तेनजी शेर्पा, २६ वर्षीय संजीव मुखिया र २० वषीर्य निर्विकल्प सुब्बा गाँउनै छाडेर भागेका रहेछन् ।

माओवादीका २५/३० कार्यकर्ताहरुले उनीहरुलाई साढे दुई घण्टासम्म दुवैहात पछाडि बाँधेर बाँस, टायर, चेन र लात्ताले आफूहरु नगलुन्जेलसम्म कुटेका थिए । गाउँका ६२ वर्षीय युवराजदेखि १४ वर्षीय अमृतासम्मलाई बाटोमा उत्तानो सुत्न लगाएर उनीहरुको छातीमा उफ्रि -उफ्रि परेड खेलेका थिए ।




*माओवादीको कुटपिटबाट रगताम्मे भएका आफ्ना लुगाफाटा देखाउँदै कमल मुखिया र हात भाँचिएपछि प्लास्टर गरेका विष्णु सुब्बा*

**घटनास्थलको अध्ययन र प्रत्यक्षदर्शीहरुसँगको कुराकानीबाट प्राप्त तथ्यहरू**

- माओवादीको कुटाइबाट अशक्त भएर पनि माओवादी धम्कीका कारण गाउँ छाड्न नसकेका पीडितहरुलाई मानवअधिकार मञ्च, इलामले औषधि उपचारका लागि सल्लाह दिएको
- अत्यन्त धेरै पीडा पाएका घाइतेहरु कमल मुखिया, विष्णु सुब्बा, सरोज सुब्बा, अर्जुन घिमिरे र सरद सुब्बालाई मानवअधिकार मञ्च, इलामले तत्काल उपचारका लागि १० गते इलाम अस्पतालमा ल्याएर भर्ना गराएको
- उक्त ज्यादतीपूर्ण घटनाबारे सम्बन्धित पक्षहरुसँग कुराकानी गर्ने, ज्यादतीको घोर भत्सना गर्ने र मानवअधिकारसँग सम्बन्धित सबै क्षेत्र र निकायमा घटनाबारे सूचना गर्ने जस्ता विषयमा सर्वसाधारणलाई स्पष्ट गर्दै नआत्तिन र गाउँ नै खाली गरेर नजानसमेत मानवअधिकार मञ्च, इलामले अनुरोध गरेको
- ०६२ बैशाख १ गते नयाँवर्षको उपलक्ष्यमा इलामको पर्यटकीय क्षेत्र माइपोखरी भ्रमण गर्दा पीडितहरुसँग जस्विरेमा बसेर माओवादी कार्यकर्ताहरुले गरेको दुर्व्यवहारको स्थानीय युवाहरुले विरोध गरी त्यस्तो उच्छृङ्खल क्रियाकलापहरु आफूहरुको गाउँमा बसेर नगरिदिन गरिएको आग्रहलाई माओवादीले प्रतिकार गरेको ठान्ने गरेको ।
- आफूहरुले भनेजस्तो नहुने वित्तिकै सर्वसाधारणलाई आर्मी पुलिसको सहयोगी होस् भन्ने जवरजस्ती आरोप लगाउने शैली माओवादीमा रहेको ।

- घटना भएको समयमा आएका माओवादी कार्यकर्ताहरुले मादक पदार्थ सेवन गरेको कारण निर्मम यातना गाउँलेहरुले भोग्नु परेको,



*अध्ययन टोलीलाई माओवादीको कुटपिटबाट भाँचिएको खुट्टा देखाउँदै कमल मुखिया*

---


**पीडितहरुको भनाई**
**विष्णु सुब्बा, पीडित**
केही नसोचेको घटना भयो । हामीले यस्तो होला भन्ने सोचेका थिएनौं । नहुनु जे थियो भयो । अब हामीले पुनः गाउँमा गएर बस्न र इलम गर्न पाउने वातावरण बनोस् । हाम्रो चाहना यही हो । कुट्न त हामी सबैलाई बाँधेर लडाए । अनि बाँस, बटम, चेन, टायर, के के हो के के सबैथोकले कुटे । पछाडि हात बाँधेर उत्तानो लडाएर कुट्न थालेपछि म बेहोस भएँछु, अरु केही थाहा भएन ।

**कमल मुखियाः पीडित, पूर्व जिविस सदस्य, एमाले जिल्ला कमिटी सदस्य**
०६२ वैशाख ७ गते ७ बजे तिर मानिस कुदेको आवाजसँगै घरको तलको ढोका फोडेर माथिल्लो तलामा आए । म के भयो भनेर ढोकामा आउँदा आउँदै के ले हो अनुहारमा हिर्काए । नाकबाट रगत आउन थाल्यो । सबै लुगा रक्ताम्मे भएँ र पनि कुट्न हिर्काउन छाडेनन् । सबैलाई लाइन लगाएर लडाएर कुटपिट गरिरहे । हामीलाई कुटपिट गरेको हाम्रो चेली बहिनी छोरीहरुलाई घरबाहिर निकालेर लाइन लगाई हेर्न बाध्य पारे । फेरी उनीहरुलाई नाम सोध्दै, अश्लील गाली गर्दै जथाभावी भनिरहे । हाम्रा चेलीहरुलाई भनेको अपशब्द र अश्लील गाली हामीलाई सुन्न बाध्य पारे ।

मैले आफू अभिभावक भएको नाताले पनि केही बोल्न खोजें, तर सकिएन । कसलाई के, कसलाई के को आरोप लगाउँदै कुटिरहे । नवलपरासी बनाई दिन्छुसमेत भने । यहाँ म बाहेक एक दुई जना बाहेक त्यसबारे (नवलपरासी घटना) कसैलाई केही थाहा थिएन, छैन । धेरै भाई, भतिज युवाले कुटाई खाए । ६२ वर्षीय बृद्धदेखि १४ वर्षीय किशोरलाई पनि छोडेनन् । पानी खान माग्दा समेत दिइएन । धेरै जसोले हाम्रो विरुद्ध प्रतिकार गर्ने मात्र भनिरहे । तर त्यस्तो केही भएको थिएन र कसै विरुद्ध केही गरेका पनि थिएनौं । लगातार ३ घण्टासम्म कुटपिट गरिरहे आफै थाकेपछि १० बजे तिर उनीहरु फर्किए । ६-७ जनालाई हामी मार्न सक्छौ । त्यो आदेश लिएर आएका छौं भनी धम्क्याइयो । सात दिनसम्म कसैलाई नभन्नु भने । गाउँ छोडेर कतै गए नराम्रो हुने धम्की दिइयो । तीन दिनसम्म त्यसै बसियो । १० गते बिहान सुरक्षाकर्मी आए । हामी लगायत, बुढाबुढी, महिला केटाकेटीको अनुरोधपछि उनीहरु हामीलाई उपचार गर्न लाने भन्दै थिए र

पनि फर्किए । सुरक्षाकर्मीको उपस्थितिले हामीमा झन डर त्रास फैलिएको थियो । जब दिउँसो मानव अधिकार मञ्चका मानवअधिकारकर्मी तथा पत्रकारहरु पुगेपछि बाँचिन्छ भन्ने आशा पलायो । गाउँ नै राहतको अनुभव गर्दै तीन दिनदेखि रुन नसकेका हामी सबै रोयौं । उहाँहरुले नै हामी ५ जनालाई उपचारको लागि ल्याउनु भयो । अन्य भाइ युवाहरु पनि क्रमशः उपचारका लागि इलाम आए । मेरो खुट्टा भाँचिएको रहेछ । विष्णुको हाल उपचार गराइरहेका छौं । अब जे भए पनि अर्को घटना नदोहोरियोस् । हामी हाम्रो घर परिवारमा बसेर गरिखान पाउँ ।

यहाँ अर्काकोमा बसेर कसरी जीविका चल्छ ? हामी सबै आफन्तकोमा शरण लिएर बसेका छौं । मलाई दिशा पिसाव गराउन सहयोगी चाहिन्छ, त्यसैले पत्नी पनि सँगै छिन् । अन्य छिमेकीलाई घरको रेखदेख गर्न लगाउनु परेको छ । हामी आफ्नो घर फर्की सुरक्षित रहन पाउँ ।



*अध्ययन टोलीलाई घटनाबारे जानकारी गराउँदै स्थानीय बासिन्दा*

**कमल मुखियाको अवस्था–** एउटा खुट्टाको पिडुलामा प्लाष्टर तथा अर्को तिघ्रा तथा पिडुलामा काठ, फलाम तथा बुटका निला डाम देख्न सकिन्छ । उनीहरुलाई कुटेको अवस्थामा ज्याकेट तथा पाइन्टमा रगतका टाटाहरु देख्न सकियो । उनी सदरमुकाममा आफन्तको कोठामा शरण लिई पत्नीसहित बसेका छन् ।

**विष्णु सुब्बाको अवस्था –** हातमा फ्याक्चर भई ब्याण्डिज गरेको, अब के हुने हो भन्ने त्रास रहेको, डराई रहेको जस्तो, घर जान बस्न पाइए हुने थियो, पहिले जे भए पनि अब त्यस्तो नहोस् भन्ने मनस्थितिमा रहेको ।




*मानवअधिकार मञ्च, इलामका सहकर्मीलाई माओवादीले कुटपिट गर्न प्रयोग गरेको बाँस देखाउँदै स्थानीय वृद्ध*

**किरण मुखिया, पीडित कमल मुखियाका भाइ तथा इलाम अस्पताल कर्मचारी**

भोलिपल्ट घटना बारे थाहा भयो । गाउँ जाने कुरा गर्दा दाइले केही हैन सामान्य कुटपिट भन्नु भयो । पुनः घटना बारे सुन्दा फेरी कुरा भयो । उहाँहरुले केही नभन्नु भन्दै आउन मान्नु भयो तर शनिबार ४ दिनको दिन केही त भएको छ भनेर मोटरसाइकलमा गएँ । त्यहाँको दृश्य देखेर छक्क परें । यस्तो बेला पनि कोही गाउँ बाहिर उपचारको लागि जान मान्नु भएन । सुरक्षाकर्मी पनि बाटोमा भेटेको थिएँ । कोही उपचार गराउन गाउँ बाहिर जान नमानेपछि पेनकिलर र मलम आदि दवाई लिन इलाम फर्किएँ । इलाम आएपछि मानवअधिकारकर्मीहरु त्यहाँ गएको थाहा पाएँ र यतै उहाँहरुलई पर्खिएँ । यहाँ आएपछि उहाँहरुको उपचार नियमित भइरहेको छ । गाउँ जाने अवस्था अझै छैन । उपचारको लागि यहाँ आएका, गाउँबाट डरले विस्थापित भएका भाई युवालाई पुनः सुरक्षकर्मीसँग हिडेको आरोप लगाइदैछ । यसले गर्दा यी भाई युवा झन् मानसिक तनावमा छन् । यसले गर्दा झन् डर त्रास फैलिएको छ । पुनः गाँउ गएर बस्नसक्ने अवस्था छैन । घर गएर आफ्नै घर परिवारमा व्यवसाय गरेर बस्न पाए पुग्थ्यो । अब फेरी यस्तो नहोस् । हाम्रो चाहाना यत्ति हो ।




*दुवै खुट्टामा कुटपिटबाट परेको असर देखाउँदै कमल मुखिया*

**घटनापछि सुरक्षाकर्मीको उपस्थिति र व्यवहार**

घटना भएको चौथो दिनमा जस्विरे पुगेका सुरक्षाकर्मीले गाउँलेहरुसँग घटनाको बारेमा जानकारी लिएका थिए । माओवादीले कुटपिट गरेका सबैलाई उपचारका लागि इलाम लानलाई स्ट्रेचर बनाउन सुरक्षाकर्मीको कमाण्डरले आदेश दिए । तर गाउँलेहरु सबै मिलेर हामी तपाईंहरुसँग उपचारको लागि जान सक्दैनौं, हाम्रो ज्यानको खतरा हुन्छ भनी सुरक्षाकर्मीलाई सम्झाए । आइमाई, केटाकेटी, बृद्ध, बृद्धा सबैको एकै स्वर भएपछि सुरक्षाकर्मी फर्केका रहेछन् । सुरक्षाकर्मीलाई हामी मानवअधिकारकर्मी तथा पत्रकारहरुसँग उपचारको लागि जान तयार रहेको जानकारीसमेत स्थानीय बासिन्दा र घाइतेहरुले गराएका थिए । सुरक्षाकर्मी इलाम आएपछि मानवअकधिकारकर्मीहरुलाई खोजेको तर सो भन्दा पहिले नै मानवअधिकार कर्मीहरु घटनास्थल गइसकेका रहेछन् ।

**घटनाबारे प्रशासकहरुको भनाइ**

**केदार रिजाल, प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, इलाम**

गाउँभित्रकै मतभिन्नतालाई प्रयोग गरी माओवादीले सो घटना घटाएको हो । घटनामा संलग्न व्यक्तिहरुको बारेमा नाम ठेगाना पहिचान गर्ने कार्य भइरहेको छ । घटना घट्नुमा गाउँले मान्छेहरुकोसमेत हात रहेको हुनसक्छ । घाइतेहरुको उपचारका लागि उपचार खर्च श्री ५ को सरकारबाट उपलब्ध गराइदिन जिल्ला सुरक्षा समितिमा छलफल गरेका छौं । उनीहरुलाई गाउँमा फर्काउने विषयमा हामीले भनेको गाउँले विश्वास गर्दैनन् । मानवअधिकारकर्मीले पहल गरे राम्रो हुन्छ ।

**कुमारबहादुर बुढाथोकी, पृतनापति, २१ नं. बाहीनी, इलाम**

जस्विरेमा भएको घटना हामीले थाहा पाउन सकेनौं । हाम्रो नियमित गस्तिको क्रममा त्यहाँ पुग्दा थाहा भयो । त्यो चौथो दिन रहेछ । उपचारको लागि ल्याउन लाग्दा कसैले मानेनन् । हामी तपाईहरुसँग जान सक्दैनौं भने । हाम्रो टोलीले कोसँग जाने भन्दा मानवअधिकारकर्मी र पत्रकारहरु आए जाने भनेछन् । हामी त्यहाँबाट केही उद्धार नगरी फर्कन बाध्य भयौं । त्यसपछि मानवअधिकारकर्मी र पत्रकारसाथीहरु गएर ल्याई इलाम अस्पतालमा उपचार गराउनु भएछ । एउटा गाउँमा गरेको माओवादीको त्यो बर्बरता र कायरतापूर्ण कार्य हो । गाउँमा फाटो ल्याएर एक अर्का विरुद्ध लडाउन उनीहरु यसो गर्छन् ।

हाम्रो अहिले कसैलाई मार्नु पर्छ भन्ने निर्देशन नै छैन । सकेसम्म निशस्त्र पार्ने नीति हो । कहिले काही भाग्ने क्रममा र हतियार चलाएको अवस्थामा आत्मरक्षाको लागि पनि गोली चलाउनु पर्ने हुन्छ । हाम्रोतर्फबाट गल्ती भएको भए क्षतिपूर्तिको लागि पनि सिफारिश गर्दछौं । कहिले काहीं भुलबस जवानहरुबाट गल्ती हुन सक्छ । हाम्रो कमाण्डर नै अगाडि भएको बखतमा झनै सावधानी अपनाएको हुन्छ ।

जस्विरेको घटनाको बारेमा त्यहाँका स्थानीय व्यक्तिले खबर गरेर हामी गएका होइन । घटना भएको तेस्रो दिन बिहान नियमित गस्तिको क्रममा गएका हौं । घटनाबारे थाहा पाएपछि उपचारको लागि हामीसँग आउन नमानेको कारणले फर्केका हौं । पछि मानवअधिकारकर्मीसँग आई औषधी उपचार गरी केही फर्केका र केही ईलाममा नै भएको जानकारी पाएको छु ।

**प्रेमप्रसाद शर्मा सापकोटा, प्रमुख जिल्ला अधिकारी इलाम**

जस्विरेको घटनाको बारेमा त्यहाँका स्थानीय व्यक्तिबाट खबर आएको होइन घटना घटेको तेस्रो दिन बिहान थाहा पाई शाही नेपाली सेनालाई खबर गरेको र गएका हुन । उपचारको लागी सेनासँग आउन नमानेकोले सुरक्षाकर्मी फर्केका हुन् । पछि मानवअधिकारकर्मीसँग आई औषधी उपचार गरी केही फर्केका र केही इलाममा नै भएको जानकारी पाएको छु । हामीसँग माग गरेको खण्डमा घाईतेहरुलाई औषधी उपचार खर्च दिनु भन्ने मन्त्रालयको निर्देशन छ । हालसम्म माग भएको छैन माग भएमा उपचार खर्च दिन्छौं ।

**घटनाको सम्बन्धमा पीडित तथा नागरिक समाजको भनाइ**

**स्थानीय महिला, पीडित विष्णु सुब्बाको आमा**

बाँच्न नपाउने भयौं । काहाँ भाग्नु । छोराछोरी पढ्दैछन् । काहाँ लानु । मर्नु परे यहिँ मारुन् सबैलाई गोली हानेर । नभए काम गरेर खाएका छौं । रेडियो बजायौं, क्यासेट बजायौं, टिभी हेर्‍यौं भनेर पनि आरोप लगाए । हाम्रा छोरा, भतिज, भान्जा सबैलाई कुट्नु कुटे । म बुढी काँहा जाने ? जे भयो भयो । अब हामी घर परिवार सबै सँगै बसेर गरिखान पाइयोस् ।

**उदय मुखिया, स्थानीय समाजसेवी**
म घटनाको दिन मेरो गाउँको घरमा गएको थिएँ । यो घटना माओवादीले कुनै ठूलो राजनीतिक कारण घटाएको हैन । यसमा स-साना कुरालाई लिएर घटाएको देखिन्छ । मैले देखे जानेको कुरा यस्तो छ ।

अमृत (स्थानीय युवा, विद्यार्थी) ले कपाल पालेको कुरामा अघिल्लो दिन सामान्य विवाद भएको थियो ।

मेरो छोरी मन्दालाई माओवादीले हामीसँग हिड् भनेको रहेछ । गाउँकै भतिज विष्णु मुखियाले हाम्रो जस्विरेबाट कोही जाँदैन भनेको रहेछ ।

नयाँ वर्ष वैशाख १ गते माइपोखरीमा नयाँवर्ष मनाउन आएका युवा युवतीलाई माओवादीले गाउँ नजिकै रोकेर अभद्र व्यवहार गरेको थाहा पाएर हाम्रै भाइ, भतिज, छोरा, भान्जाले माओवादीलाई हाम्रो गाउँमा यस्तो नगर्नुहोस् । गाउँको बदनाम हुन्छ भनी सम्झाएपछि माओवादी फर्किएका रहेछन् ।

यिनै कुरालाई लिएर व्यक्ति, व्यक्तिलाई फरक फरक आरोप लगाउँदै कुट्दै गरेको थाहा भयो । हाम्रो एकता भएको गाउँलाई भाँड्नलाई प्रतिकार समिति गठन गरेको आरोप लगाउँदै प्रतिकारको नाइके (अध्यक्ष) को हो भन्दै कुट्दै गरेका रहेछन् ।

महिलाहरु (खासगरी युवती) लाई गाली गलौज गरी वेइज्जती गरियो ।

राजनीतिक कार्यकर्ताले मुख छोप्दैनन्, तर उनीहरु राती डकैतीको शैलीमा आए ।

मलाई एक हप्तासम्म गाउँ बाहिर जान रोकिएको थियो, गए ज्यानमार्ने धम्की दिइएको थियो ।

मेरो चाहाना अब यस्तो घटना नहोस् । यसरी कुटपिट गर्नु राम्रो भएन । सबै जनता मिलेर सामाजिक काम र विकासमा लाग्नु पर्दछ । गाउँको विकास कसरी हुन्छ त्यो गर्नु पर्‍यो । सबैलाई एक एक काममा लगाउनु पर्छ । लाग्नु पर्छ । त्यसो भए कसैले यस्तो कुकर्म गर्ने कुरा सोच्न गर्न नै पाउँदैन ।

**शिक्षक (नाम सार्वजनिक नगरिएको), श्री बालमण्डल मावि, जस्विरे**
शिक्षकको दृष्टिकोणले भन्दा माओवादीले संघर्ष गरेको भए राज्यसँग गरेको हुनु पर्‍यो । माओवादीले राज्यविरुद्ध विद्रोह गर्ने हो जनतासँग होइन । जनतालाई दुःख नदिनु पर्ने हो । पहिलेको अथवा अन्यत्रको कुरा गर्दा सुन्दा हामी यस्तो हैन होला भन्ने लागेको थियो । उनीहरुको राजनैतिक दृष्टिकोण हुन्छ, जनताको भलो हुने नै कार्य गर्छन् होला भन्ने लागेको थियो ।

तर यस जस्विरेको घटना देखेपछि हामीले आतंककारी भन्ने अर्थ यो घटनाले माओवादीले गरेको देखियो ।

जनतालाई यसरी बाँस, चेन (साइकलको) दाउरा, लाठी, लात्ती, हातले र एकै जनालाई पनि ४, ५ पटक कुटपिट गरेको देखियो, पाइयो । उनीहरु मादक पदार्थ सेवन गरेको अवस्थामा समेत आएका थिए । यसले गर्दा मलाई अहिलेसम्म डर त्रास भइरहेको छ । अझै मनमा डर त्रार आतंक फैलिरहेको छ । (कुरा गर्दा, उनमा डर आतंकको भाव झल्कन्थ्यो ।)



*माओवादीको कुटपिट पछि विस्थापित भएका कमल मुखियाको सुनसान घर*

**सूर्यबहादुर सुब्बा, स्थानीय बासिन्दा तथा फोन सञ्चालक**
घरमा केही व्यक्ति आएर फोन सेट मागे । दिन खोज्दा पेस्तोल देखाएर घरभित्र हुली थुने । केले हो ढाडमा हाने, अझै दुखिरहेको छ । गाउँनै घेरेर कब्जामा पारेका रहेछन् । नाम लिएर बाहिर बोलाए, नआउनेलाई तानेर लगेछन् । अनि कतिलाई हात पछाडि लगेर बाँधेका थिए । सबैलाई लाइनै उभ्याएर माओवादीले कुटपिट गरे । बाँस, भाटो, चेन, दाउरा जेले पायो त्यसैले हाने । महिला, छोरी, चेलीलाई पनि नाम लिएर बोलाए । मेरो छोरो अमृतलाई मऱ्यो भनेर फालेका रहेछन् । तीन जना बाँच्ने अवस्थामा थिएनन्, बाँचे । सात दिन घर छोडे घर आगो लगाउने र घर भित्रै मारिदिने धम्कीसमेत दिएका थिए ।

मैले यस्तो घटना होला भन्ने सोचेको थिइन । छोराहरुलाई यहाँको स्कुलमा पढाउने अवस्था पनि छैन । हामीले कहाँ कसरी पठाउने, अहिले इलाममा आफन्तकोमा बसेका छन् छोराहरु । किन यस्तो घटना भएको होला थाहा भएन । तर पशुपतिनगर बौद्धबाट माइपोखरीमा नयाँ वर्ष मनाउन आएका युवा युवतिलाई अभद्र व्यवहार गरेको देखेपछि त्यसलाई यहाँका युवाले यस क्षेत्रमा गाउँमा यस्तो व्यवहार नगर्न अनुरोध गरेका रहेछन् माओवादीलाई । अनि एक बहिनी (मन्दा)लाई हामीसँग जाऊँ भन्दा उनलाई नलग भनेको र गाउँबाट कोही जाँदैन भनेका रहेछन् युवाहरुले । माओवादीले यसैलाई प्रतिकार गरेको र प्रतिकार समिति बनाएको भन्दै पनि कुटेछन् । बाहिर गाउँ छोडेर गएका सबै युवाहरुको पुनर्स्थापना हुनु परो । पुन केही नहोस् ।

**(नाम सार्वजनिक नगरिएको), विद्यार्थी कक्षा ९, श्री बालमण्डल मावि, जस्विरे**
हामी गाउँका सबै मिलेर बसेका थियौं । माओवादी आएर १५ वर्ष माथिका सबै बाहिर निस्क भने । म र भाइलाई बाहिर जबरजस्ती ल्याए । हामी नौ जना युवति थियौं । लाइनै उभ्याए । केही बोल्न दिएनन् । जे बोले पनि गाली गर्ने, पेस्तोल देखाएर मारिदिने धम्की दिए । दाजु भाइलाई कुटेको हेर्न बाध्य पारे । हामीलाई नराम्रो बचन लगाए । जे पनि भने । त्यसरी गाली बेइज्यत गरेको पनि दाजुभाईलाई सुन्न बाध्य पारे । सारै चित्त दुख्यो । कतिलाई टायर भित्र जिउहालेर हलचल गर्ने नदिई कुटपिट गरे । प्रतिकार भनेको के हो थाहै थिएन । प्रतिकारको अध्यक्ष (नाइके) को हो भन्दै गाली गरे । हामी त गाविस अध्यक्ष हो कि भन्ने लागेको थियो तर नबुझेर बोलिएन ।

हामी युवतीहरु महिनामा एक पल्ट पालैपालो जानु पर्ने भनेका छन् । पढाइ छोड्नु पर्ला भन्ने पिर छ । डरले इलाम गएर बसेको थिएँ । पढ्को लागि भनेर हिजो (वैशाख २० गते) मात्र यहाँ आएको । पुनः महिला

माओवादी आएर हामीलाई कुट्छ, लान्छ भन्ने डर छ । तपाईहरु आउनु भयो र पनि डर हटेको छैन । सबै भन्दा डर फेरी हामीलाई लान्छ, कुट्छ भन्ने छ । किनकी फेरी केटीहरुको पालो भनेका छन् उनीहरुले । अनि उपचारको लागि इलाम गएकालाई कति दिन भाग्छौ भनेर धम्की दिएका छन् ।

कुनै कुराको पनि खास कारण नभएकोले व्यक्तिगत रिसिइवीको कारणले नै यसो गरेका हुन् कि ?



*मानवअधिकार मञ्च, इलामका सहकर्मीहरुसँग कुरा गर्दै स्थानीय व्यक्तिहरु*

**मृगेन्द्र मुखिया, पीडितका बाबु**
०६२ वैशाख १ मा पवित्र तिर्थस्थल माईपोखरीमा मेला हेर्न आएका पशुपतिनगरका युवाहरुलाई माओवादीहरुले दुर्व्यवहार गरेका र त्यसो नगर्न स्थानीय युवाहरुले सम्झाएर पठाएका रहेछन् । स्थानीय युवक अम्रित मुखियाले लामो लामो कपाल पालेका र माओवादीहरुले पहिले देखि नै पटक पटक कपाल काटन भनेका र ती युवाले मेरो सोखको कुरा हो कपाल काटदिन भन्दै आएका रहेछन् । वैशाख ५ गते एक माओवादी कार्यकर्ता आई अमृत मुखियालाई कपाल काटन भनेका र दुईको बीचमा विवादसमेत भएको रहेछ ।

यसैबीच वैशाख ७ गते बेलुका ७.३० बजे माओवादी आई गाउँ घेरी प्रत्येक घरको युवाहरुको नाम नै किटेर घर बाहिर बोलाए र घरको ढोका खोल्न ढिला गर्नेको ढोकामा लात्ताले हानी ढोका खोल्न लगाई सबैलाई एकै ठाउँमा लाईन लगाई डोरीले बाँधी प्रतिकार सिमितिमा बस्ने को को हो ? अध्यक्ष को हो ? भन्दै बाँस र काठका लौराले लौरो नै भाँच्चिने गरी पिटे । म बाहिर निस्कन लाग्दा बा तपाई बाहिर ननिस्किनु बुढो मान्छे भने मैले झ्यालबाट हेरें बाहिर निस्किन मलाई त्यस्तो अभद्र ब्यवहार केही गरेनन् । मेरा छोराहरुलाई चै पिटे । आज देखि ७ दिनसम्म कतै नजानु र सेना प्रहरीलाई खबर पनी नगर्नु भने १० गते सेनाहरु आए र उपचारको लागी हामीसँग जाउँ भने तर कोही गएनन् । त्यसपछि सेनाहरु गए । केही घण्टापछि मानवअधिकारकर्मीहरु आई औषधि उपचारको लागी घाइतेहरुलाई इलाम अस्पतालमा लैजानु भयो ।

माओवादी कति जना आएका थिए भन्दा उनी भन्छन्- २ जना बन्दुक लिएर उभएिका थिए १०।१२ जना सिभिलमा देखें मैले । तर गाउँनै घेरेर बसेको भन्ने सुनेकोले २५।३० जना आएको हुनुपर्छ । तपाईको विचारमा किन उनीहरुले त्यसो गरेका भन्दा सामान्य त्यही यौटाले कपाल नकाटेको निहुँ, १ गते यहाँका युवाहरुसँग भएको विवाद र पहिले यिनीहरुसंगै स्कुल पढ्ने केटाहरु पनी उता लागेका रहेछन्। त्यसैले

पहिलेको रिस पनि थियो होला । उसले पनि कपाल काटेको भए भैहाल्थ्यो । कारवाही गर्दा जसले विराम गरेको छ त्यसैलाई गर्नुपर्ने धेरै निर्दोष परे दुःख लागेको छ ।

**घनश्याम घिमिरे, स्थानीय युवा (वर्ष ३४)**
घटना भएको समयमा म घरमै थिएँ । मलाई बोलाएनन्, म गइन । भित्रै बसिराखे । मेरो भाई अर्जुन घिमिरेलाई बोलाएर पिटे । आमा पनि भाइसँग जान लाग्दा भित्र जानु भनी धकेलेछन् । माओवादीले कुटपिट गर्नु गरे । । यहाँबाट विस्थापित भएकाहरु पनि यहाँ नै आई पहिले जसरी नै सँगै बस्न पाउंने अवस्था हुनु पर्‍यो ।

**विनिता मुखिया, स्थानीय युवती**
युवा केटाहरुलाई लाईन लगाएर पिट्न थाले । उनीहरुलाई पिटेको हामीहरुलाई हेर्न लगाए र केही अश्लिल शब्द पनि प्रयोग गरे र हामी केटीहरुलाई अब तिमीहरुको पालो पछि आउँछ भने ।

**राधा देउजा, स्थानीय महिला, छिमेकी**
यो ठाउँमा त्यस दिन घटना नघटेको भए कुनै पनी दिन घट्न सक्दथ्यो । यहाँका मान्छेहरुको त्यस्तै व्यवहारको कारणले त्यो अप्रिय घटना घटेको हो । तपाईको घरमा त केही गरेनछन् नि भनी सोध्दा हामीले त्यस्तो केही गरेको भए पो हाम्लाई केही गर्ने त ? छिमेकमा त्यस्तो पर्दा तपाईहरु जानु भएन भन्दा ढोका अगाडी हतियार सहित माओवादी बसेका थिए त्यसैले घर बाहिर निस्किएन पछि गएको थियौं । यो घटना माओवादीबाट भएको होइन । सबै माओवादी आएका थिएनन् । व्यक्तिगत रिसबाट भएको हो । आफ्नै घमण्डबाट भएको हो ।

**घटना अध्ययनका क्रममा भएका कठिनाइहरु**

१) सरकार र माओवादी दुवैको डर-त्रासका कारण स्थानीय बासिन्दाहरु घटना सम्बन्धमा बोल्न नचाहेकोले यथार्थ विवरण लिन असहज
२) पीडक पक्षसँग सम्पर्कको अभाव ।



*मानवअधिकारकर्मीहरुसँग कुरा गर्दै स्थानीय समाजसेवी उदय मुखिया र शिक्षक*

**निष्कर्ष**

मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको तथ्य संकलन टोली स्थलगत अध्ययन तथा विभिन्न स्थानीय व्यक्तिहरुसँगको कुराकानीका आधारमा उल्लेखित घटनामा नेकपा (माओवादी)का कार्यकर्ताबाट मानवीय कानुनको ठाडो उल्लंघन भएको ठहरमा पुगेको छ ।

१) सर्वसाधरण गाउँलेहरुलाई कुटपिट गरिएको घटनामा नेकपा (माओवादी) ले "गैरसैनिक नागरिकउपर गरिने निर्देशित आक्रमण र गैरसैनिक समुदायमा आतंक फैलाउन गरिने हिंसात्मक कार्यहरु निषेधित छन्" भन्ने जेनेभा महासन्धिको साझा धारा ३ को ठाडो उल्लंघन गरिएको छ ।

२) सर्वसाधारणलाई आक्रमणको निशाना नबनाउने र उनीहरुलाई हानी नपुर्‍याउने माओवादीहरुको पटक–पटकको प्रतिबद्धताको यस घटनामा फेरि उल्लंघन भएको छ । माओवादीहरुद्वारा भएको यो आक्रमण ०६१ चैत्र २३ गते पछिल्लो पटक नेकपा (माओवादी)का प्रवक्ता कृष्णबहादुर महराद्वारा जारी गरिएको "हामी आफ्नो तर्फबाट मानवअधिकारको अन्तर्राष्ट्रिय मान्यतालाई यथाशक्य लागू गर्न प्रतिबद्ध छौं" भन्ने व्यहोरासहितको वक्तव्य विपरीत छ ।